ॐ ज्ञान ज्योति
९० अङ्क

ॐ



**श्री महेश्वर प्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**लुम्बिनी बचत तथा ऋण स.सं.लि., बुटवल**

# सहकारी सन्देश

बचत तथा ऋण सहकारी संस्थाका संस्थापक एफ. डब्लु. राइफेसन (F.W. RAIFFEISEN 1818-1888) भन्नु हुन्छ – 'बचत तथा ऋण सहकारीहरुले सदस्यहरुलाई ऋण वितरण गर्ने कुरामा आफुलाई सिमित गर्नु हुँदैन । मुख्य उद्देश्य आफ्नो समुदायका व्यक्तिहरुलाई पैसाको प्रभावकारी परिचालन गर्न तथा उनीहरुको आर्थिक विकासका साथै नैतिक र भौतिक मूल्यलाई बढाउनका लागि आफ्ना सदस्यहरुको चहाना अनुरुपको कार्य गर्न सिकाउने हुनुपर्छ ।'

बचत तथा ऋण सहकारी संस्थालाई छोटकरीमा हामि साकोस भन्छौं । साकोसहरुको मुख्य कार्य आफ्ना सदस्यहरुलाई बचत गर्न प्रेरित गरी बचत सङ्कलन गर्ने र त्यस बचतलाई आफ्ना सदस्यहरुलाई कर्जाको रुपमा वितरण गर्नु हो । अन्य बैंक तथा वित्तीय संस्थाहरुले जस्तै निक्षेप सङ्कलन र कर्जा प्रवाह गर्दैमा सहकारी संस्थाको दायित्व पुरा हुँदैन । त्यसैले एफ.डब्लु. राइफेसनका उक्त भनाई अनुसार १) पैसाको प्रभावकारी परिचालन २) सदस्यहरुको आर्थिक विकास ३) नैतिक विकास गर्न सदस्यहरुको चाहना अनुसार कार्य गर्न सिकाउन पर्छ भन्ने बुझिन्छ ।

१) पैसाको प्रभावकारी परिचालन – सदस्यहरुलाई फाइदा हुने विभिन्न योजनाहरु बनाई सञ्चालन गर्ने । विभिन्न योजनाहरुको नाममा सङ्कलन गरिएका बचतहरुको सुरक्षा गर्ने, भुक्तानी माग गरेको बखतमा तुरुन्त रकम फिर्ता दिन सक्ने गरी परिचालन गर्नु हो ।

२) सदस्यहरुको आर्थिक विकास भन्नाले सदस्यहरुलाई आय आर्जन गर्न सक्ने किसिमका तालिम अर्थात सिप मूलक तालिमहरु दिई व्यवसाय गर्न, उत्पादन गर्न सिकाउने जसले गर्दा आय आर्जन गरी आफ्नो दैनिक खर्च सजिलो सङ्ग चलोस र आर्थिक रुपले सबल बनोस र समग्रमा देशको ग्राहस्थ उत्पादनमा समेत टेवा पुग्न जानु हो ।

३) नैतिक विकास – अर्थात मानवीय गुणहरुको विकास, चरित्र निर्माण हो । सत्य, धर्म, शान्ति, प्रेम, अहिंसा, दया, करुणा, सेवा, सदाचार, सहयोग र सहकार्य मानवीय मूल्यहरु हुन् । सदस्यहरुमा यी मूल्यहरुको विकास हुने कार्य गर्न सकेमा मात्र सहकारी संस्थाको दायित्व पुराहुने छ । आर्थिक विकासको साथै सदस्यहरुको सन्तुष्टि भएमा मात्र सहकारी सफल र सक्षम भएको मानिन्छ । त्यसैले बचत तथा ऋण सहकारी बैंक होइन, बैंक भन्दा माथिको हो भनिन्छ ।

सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक समुन्नतिका लागि सदस्हरु द्वारा प्रजातान्त्रिक तरिकाले सञ्चालित स्वायत्त संस्था भएकोले भौतिक र नैतिक विकास समानान्तर रुपमा लैजान सकेमा मात्र सहकारी संस्था पूर्ण सफल र दीगो हुन सक्छ । राष्ट्रिय सहकारी महासंघले गत वर्ष र यस वर्ष २०७९ को 'मर्यादित व्यवसाय र प्रविधिमा सहकारी' भन्ने नारा दिएको छ । व्यवसायलाई मर्यादित बनाउन नैतिकवान बन्न र भौतिक उन्नतिका लागि नयाँ नयाँ प्रविधिहरुको विकास गर्नु पर्छ अनि मात्र उक्त नारा साकार हुने छ अन्यथा नाराहरु नारामै सिमित रहने छन् ।

जय सहकारी !!!

# लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

## बुटवल-४, राममन्दिर लाईनको आर्थिक झलक:

### बैंक कारोवार २०७९ वैशाख २४ गते सम्म

१) संस्थाले कारोबार सुरु गरेको बर्ष :- २०५४/०९/१०, दर्ता नं.१३१/१३९/०५४/०५५, मिति : २०५४/०५/१६
२) सदस्य संख्या :- महिला १५४६, पुरूष १५८२, संस्थागत सदस्य ५२, जम्मा सदस्य संख्या ३१८०
३) कारोबार :- बचत संकलन तथा ऋण लगानी
४) शेयर पूँजी :- १८,८४,३५,८००।-
५) संस्थागत पूँजी :- १०,३८,२९,३८६।४०
६) बचत संकलन :- १,३६,०९,२०,०१०।१९
७) बचत फिर्ता:- ३१,४९,०८,३३८।८४
८) बचत मौज्दात :- १,०४,६०,११,६७१।३५
९) कर्जा लगानी :- ९४,९३,९१,६८६।९४
१०) कर्जा असुली :- १०,८९,१६,८९०।६२
११) कर्जा मौज्दात :- ८४,०४,७४,७९६।३२
१२) कोष हिसाव :- ३,५१,८६,८०४।४४
१३) लगानी :- ४८,०९,८२,८२८।३४

**लुम्बिनी साकोस गान**

जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी
हितकारी यो आपद्‌विपद्‌मा सेवा गर्ने उपकारी।


आर्थिक सामाजिक साँस्कृतिक तीन नदीको संगम यो
सहयोगी भै सहकार्यमा नै रम्ने पावन धाम हो यो
थोपा थोपा सञ्चित गरेर घैला भरेर अर्पन्छ
बचत गरौं अनि बचतलाई गरौं सदुपयोग यही भन्छ
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी।

स्वेच्छिक खुल्ला सदस्यता र सदस्यद्वारा नियन्त्रित यो
तालिम शिक्षा सुविधा दिएर गर्ने निरन्तर सूचित यो
स्वायत्तता र स्वतन्त्रताको पहरेदार यो सहचारी
समुदायमा नै चासो राख्ने लुम्बिनी हाम्रो सहकारी
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी।

**१४) ब्याजदर** :- (क) निक्षेपहरुमा दिने ६.००% – १२.००% (ख) कर्जामा लिने १३.००% - १४.००% सम्म
**१५) कार्यक्षेत्र** :- रुपन्देही जिल्लाभर।
**१६) तालिम** :-
(क) संस्थाका पदाधिकारी ज्यूहरुलाई डिभिजन सहकारी कार्यालय तथा संघ संस्थाले आयोजना गरेको सहकारी तालिममा सहभागी गराएको।
(ख) कर्मचारीहरुलाई विभिन्न सहकारी तालिमहरुमा सहभागी गराएको।
(ग) बेलवास सेवा केन्द्रमा व्यवसायीक तालिम केन्द्र स्थापना गरी बुटिक तालिम सदस्यहरुलाई दिईएको र हाल सिलाई कटाई तालिम भईरहेको छ।
१७) प्राथमिक उपचार केन्द्रको आफ्नै संस्थामा संचालन भईरहेको छ।
ॐ ज्ञान ज्योति, द्वैमासिक पत्रिकामा ३९ औं अंङ्क देखि नियमित रुपमा यस संस्थाका गतिविधिहरु प्रकाशित गर्न सहकार्य गरेको।

**हाम्रो गतिविधि**
**Web Site:**
**www.Lumbinicop.com.np मा हेर्न सक्नु हुन्छ।**

**१८) सामाजिक कार्यहरु** :-
(क) वृद्धाश्रम, कुष्ठरोग प्रभावित कल्याण संस्था, बाल आश्रम र मानव सेवा आश्रम लाई सहयोग।
(ख) नव जागृति पुस्तकालयलाई सहकारी पुस्तकहरु प्रदान गरिएको।
(ग) स्वस्थ्य शिविर संचालन गरिएको।
(घ) वृद्धाश्रम हातामा वृक्षारोपण गरेको तथा उद्यान निर्माण।
(ङ) रक्तदान गरेको तथा १५ जना असहायहरुका लागि आर्थिक सहयोग प्रदान गरेको (रक्तसञ्चार केन्द्र मार्फत)। यस संस्थाको २५ औं स्थापना दिवसको उपलक्ष्यमा २५ पिन्ट रक्तदान तथा ३८ जनाको निशुल्क मधुमेह तथा किटिनाईन परीक्षण गरेको।
(च) सहकारी साहित्य गोष्ठी गरेको। श्री नव जागृति पुस्तकालय परिसरमा उद्यान निर्माण।
(छ) कक्षा १२ मा A+ ल्याई उत्तिर्ण हुने शेयर सदस्यका छात्र, छात्राहरुलाई दोसल्ला तथा प्रमाण-पत्र, पुरस्कार नगद सहीत सम्मान गर्ने शेयर सदस्यका एकाघर परिवारमा डाक्टर, इन्जीनियर, Mphil, CA आदि उपाधी प्राप्त गरेकालाई सम्मान गर्ने।
(ज) युवा जनशक्ति र सहकारी –विषयक गोष्ठी। नेतृत्व विकास तालिम।
(झ) महिला स्वास्थ्य सचेतना कार्यक्रम गरेको। सहकारी शिक्षा तालिम।




**१९) संस्थाले प्रदान गर्ने सेवा तथा भौतिक संरचना** -
(क) संस्थाको आफ्नै भवन।
(ख) प्राथमिक उपचार सेवा/दुर्घटना वीमा रु. तीन लाखको। दिवङ्गत सदस्यका आश्रितलाई राहत रकम प्रदान।
(ग) लेखाहरु सबै कम्प्यूटरबाट।
(घ) देश विदेशबाट पठाएको रकम तुरुन्त झिक्न र ट्रान्सफरको सुविधा।
(ङ) लुम्बिनी स्मार्ट एप्सबाट TopUp Services, Utilities Payment, Esewa Wallet, FonePay, Bank Fund Transfer, Internal Fund Transfer, Flight, Insurance Premium आफ्नो शेयर, बचत र ऋण खाताको व्यालेन्स हेर्न चौबिसै घण्टा सुविधा भएको।
(च) लुम्बिनी ल्याव सेवा केन्द्रबाट रक्त परीक्षण दैनिक विहान ७ देखि २ बजे सम्म। (शनिबार बन्द)

**२०) सेवा केन्द्रहरु :**
(क) बेलवास सेवा केन्द्र, बुटवल-१३, बेलवास। (ख) देवीनगर सेवा केन्द्र, बुटवल-११, श्रेष्ठपथ।
(ग) भलुही सेवा केन्द्र, देवदह-८, आर्दशपथ।

"बचत गरौ बचतको सदुपयोग गरौं"
"सहकारीताबाट सम्पन्नता हाम्रो प्रतिबद्धता"

# लुम्बिनी साकोस बुटवललाई फोटोबाट नियाल्दा



लुम्बिनी साकोसको भलुही सेवाकेन्द्रको उद्घाटन प्रदेश बचत संघका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल बाट ।



भलुही सेवा केन्द्र उद्घाटनमा लुम्बिनी साकोसको महिला समितिको उपस्थिती ।




भलुही सेवा केन्द्रको उद्घाटनमा मन्तव्य व्यक्त गर्दै डा. बाबु राम ज्ञवाली शिक्षा सहसंयोजक ।



भलुही सेवा केन्द्रको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि श्री कृष्ण प्रसाद नेपालका साथमा ।



श्री मनकामना गुरुकुल विद्यापीठका अध्यक्ष लाई लुम्बिनी साकोसबाट अक्षयकोष रकम हस्तान्तरण ।



श्री मनकामना गुरुकुल विद्यापीठ नन्दनवनका विद्यार्थीहरुलाई भोजन सहयोग लुम्बिनी साकोस बाट ।



श्री मनकामना गुरुकुल विद्यापीठमा लुम्बिनी साकोस बाट अवलोकन ।



लुम्बिनी साहित्य पुरस्कार २०७९ बाट यथार्थ वादी साहित्यकार श्री रुद्र ज्ञवाली सम्मानीत ।

# लुम्बिनी  साकोस बुटवललाई फोटोबाट नियाल्दा



श्री लुम्बिनी साहित्य पुरस्कार २०७९ साहित्यकार रुद्र ज्ञवालीलाई प्रदान गरिदै ।



श्री लुम्बिनी साहित्य पुरस्कार २०७९ को प्रमुख अतिथि प्रदेश बचत संघका अध्यक्ष कृष्ण नेपालका साथमा ।




श्री जानकी देवी आध्यात्मिक पुरस्कार साधक दुर्गादत्त पौडेल लाई प्रदान ।



श्री जानकी देवी आध्यात्मिक पुरस्कारका प्रमुख अतिथि समाजसेवी जीवन प्रसाद वझाबाट सम्मान प्रदान गर्दै ।




देवीनगर सेवा केन्द्रमा आधारभुत सहकारी शिक्षा कार्यक्रमका प्रशिक्षक सहकारी बैंक बुटवल शाखाका व्यवस्थापक श्री नारायण बेलबासे जी ।



आधारभुत सहकारी शिक्षा कार्यक्रममा शुभकामना व्यक्त गर्दै प्रमुख अतिथि श्री गुणाखर खनाल जी ।



देवीनगर सेवा केन्द्रको आधारभुत सहकारी शिक्षा तालिममा सहभागी लाई प्रमाण-पत्र वितरण गर्दै ।




देवीनगर सेवा केन्द्रको आधारभुत सहकारी शिक्षा कार्यक्रममा सामुहिक फोटो ।

# लुम्बिनी  साकोस बुटवललाई फोटोबाट नियाल्दा



श्री कुष्ठ रोग प्रभावित कल्याणकारी संस्था जीतगढीलाई खाद्यान्न सामाग्री हस्तान्तरण कार्यक्रम ।



श्री कुष्ठ रोग प्रभावित कल्याणकारी संस्था जीतगढीलाई खाद्यान्न सामाग्री हस्तान्तरण कार्यक्रममा रुपन्देही बचत संघका अध्यक्ष श्री प्रकाश भट्टराई जी ।




मानवसेवा आश्रम बुटवल लाई खाद्यान्न सहयोग कार्यक्रममा ।



वृद्धाश्रम हातामा वृक्षारोपण ।



सदस्य राहत हस्तान्तरण कार्यक्रम ।



६५ औं राष्ट्रिय सहकारी दिवसमा यस सहकारीका अध्यक्ष तथा संस्था सम्मानित रुपन्देही बचत संघ बाट ।



लुम्बिनी साकोस र एन.एम.बि. बैंक बीच मायाँको चिनो साटासाट तथा नयाँ वर्ष २०७९ को शुभकामना आदान प्रदान ।



सहकारी विभागका आदरणिय रजिष्ट्रार, उप-रजिष्ट्रारका साथमा संचालक तथा लेखा समितिका सदस्यहरु ।